जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक २७५ • २०८२ साल फाल्गुन २१ गते विहीबार (5 March, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-



**लोकतन्त्रको आधारः सूचनाको अधिकार**

- सूचना दिने र लिने संस्कृतिको विकास गरौं,
- सार्वजनिक निकायहरु खुला, पारदर्शी, उत्तरदायी एवं जवाफदेही बनौं,
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो,
- सूचनाको हकसम्बन्धी ऐन नियमको पूर्ण पालना गरौं र गराऔं।

नेपाल सरकार विज्ञापन बोर्ड


## नन्दु र नागेन्द्र पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा प्रतिनिधिसभा निर्वाचनमा सुरक्षा थ्रेट देखिएको छ।

धनुषा र पर्सा जिल्लामा छुट्टाछुट्टै भएको घटनाले सुरक्षा चुनौती थपेको छ। धनुषाको मिथिला नगरपालिकास्थित रातो पुल र बडहरी पुल क्षेत्रमा भएका शंकास्पद वस्तु विस्फोटनमा परी चार जना घाइते भएका छन्। घाइते हुनेमा दुई बालबालिका र कैलालीका दुई युवक रहेका छन्। धनुषा प्रहरीले घटनास्थललाई नियन्त्रणमा लिइ बम डिस्पोजल टोलीमार्फत बाँकी शंकास्पद वस्तु निष्क्रिय पारेको छ।

धनुषामा क्रान्तिकारी कम्युनिष्ट पार्टी धनुषाका सेक्रेटरी नन्द कुमार झा नन्दु र नेकपा बहुमत धनुषाका जिल्ला सेक्रेटरी नागेन्द्र दास रहेको धनुषा प्रहरीले जनाएको छ।

नेता नन्दु र दासलाई मंगलबार साँझमा प्रहरीले नियन्त्रणमा लिएको छ। उनीहरुलाई अदालतमा पेश गर्ने जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

त्यस्तै पर्साको वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ मा पर्सा प्रहरीले ९ थान सुतली बम र सुँगुरको टाउकोसहित तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा स्थानीय कृष्ण यादव, रोहित पटेल र अवजित यादव रहेका छन्। प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार उनीहरूले निर्वाचनको मुखमा दुई समुदायबीचमा द्वन्द्व भड्काउन चाहेको बुझाइ रहेका छ।

मधेश प्रदेश प्रहरीले समयमै सुरक्षा सतर्कता अपनाएकाले सम्भावित ठूलो दुर्घटना टरेको जनाइएको छ। निर्वाचनलाई लक्षित गरी प्रदेशभर सुरक्षा व्यवस्था कडा पारिएको छ भने प्रशासनले नागरिकलाई अफवाहमा नपर्न र शंकास्पद वस्तु फेला परे तत्काल जानकारी दिन आग्रह गरेको छ।

### प्रतिनिधिसभा सदस्य निर्वाचन आज

# २७५ सिटका लागि ६ हजार ५४१ जना उम्मेदवार प्रतिस्पर्धामा

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रतिनिधिसभा सदस्यको निर्वाचन बिहीबार हुँदै छ। निर्वाचनको पूर्वसन्ध्यामा निर्वाचन आयोगले अन्तिम तयारी पूरा गरेको छ। यस निर्वाचनमा देशभर र विशेष गरी मधेश प्रदेशको सहभागिता निकै उत्साहजनक देखिएको छ।

निर्वाचन आयोगको पछिल्लो तथ्यांक अनुसार देशभर कुल १ करोड ८९ लाख ३ हजार ६ सय ८९ जना मतदाता दर्ता भएका छन्। यसमा करिब ८ लाख नयाँ युवा मतदाता थपिएको जनाइएको छ।

प्रतिनिधि सभाको २७५ सिटका लागि कुल ६ हजार ५४१ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका छन्।

प्रत्यक्ष १६५ सिटका लागि ३,४०६ जना प्रतिस्पर्धामा छन् भने समानुपातिकतर्फको ११० सिटका लागि ३,१३५ जना प्रतिस्पर्धामा रहेका छन्।

त्यसैगरी मधेश प्रदेशमा यस पटकको प्रतिनिधिसभा सदस्यको निर्वाचन सबैभन्दा बढी चासोको केन्द्र बनेको छ। यहाँका ३२ निर्वाचन क्षेत्रमा तीव्र प्रतिस्पर्धा देखिएको छ।

मधेश प्रदेशमा मात्रै ३५ लाखभन्दा बढी मतदाता रहेका छन्। मधेशको ३२ सिटका लागि कुल १ हजार ५४ जना उम्मेदवारले प्रत्यक्षतर्फ प्रतिस्पर्धा गर्दैछन्। जसमध्ये धनुषामा सबैभन्दा बढी १५४ जना उम्मेदवार, त्यसपछि सप्तरीमा सबैभन्दा कम १०४ जना उम्मेदवार रहेका छन्।

मुख्य प्रतिस्पर्धा नेपाली कांग्रेसका सभापति गगन कुमार थापा (सर्लाही-४), जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव (सप्तरी-३) र जनमत पार्टीका अध्यक्ष सीके राउत (सप्तरी-२) जस्ता दिग्गज नेताहरूको भाग्य निर्धारण हुने भएको छ।




मधेश प्रदेशबाट ३६ लाख ३६ हजार ४१४ जनाले मतदान गर्न पाउने भएका छन्। प्रत्येक जिल्लामा ४/४ वटा निर्वाचन क्षेत्र रहेको मधेश प्रदेशमा कुल ३२ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेका छन्।

प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका अनुसार प्रदेशका ८ जिल्लामा १९ लाख ७२ हजार ९६४ जना पुरुष, १६ लाख ६३ हजार ३७४ जना महिला र ७६ जना लैगिंक तथा अल्पसंख्यक (अन्य) मतदाता रहेका छन्। यो मधेश प्रदेशको कुल जनसंख्याको ५९.४७ प्रतिशत छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा ६१ लख १४ हजार ६ सय जनसंख्या रहेको जनाइएको छ। जसमा पुरुष ३० लाख ६५ हजार ७५१ र महिला ३० लाख ४८ हजार ८४९ छन्। प्रदेश निर्वाचन कार्यालयका अनुसार प्रदेशमा धनुषामा सबैभन्दा बढी मतदाता रहेका छन् भने पर्सामा सबैभन्दा कम मतदाता छन्। धनुषामा ५ लाख १४ हजार ५७१ जना मतदाता छन्। जसमा पुरुष २ लाख ७६ हजार १२६, महिला २ लाख ३८ हजार ४३५ र अन्य १० जना छन्।

त्यस्तै सर्लाहीमा ५ लाख ११ हजार ६०६ जना मतदाता छन्। जसमा २ लाख ७८ हजार ८३७ पुरुष, २ लाख ३२ हजार ७५८ महिला र ११ जना अन्य छन्।त्यस्तै बारामा ४ लाख ६५ हजार ७८४ जना मतदाता छन् भने यहाँको कुल जनसंख्या ७ लाख ६३ हजार १३७ हो। सिरहामा ४ लाख ५३ हजार ६४५ जना मतदाता रहेकोमा यहाँको जनसंख्या ७ लाख ३९ हजार ९५३ रहेको तथ्यांक छ। सिरहामा कुल जनसंख्याको ६१.३१ प्रतिशत मतदाता छन्। त्यस्तै सप्तरीमा ४ लाख ४६ हजार ४०२ जना मतदाता रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँ ७ लाख ६ हजार २५५ जनसंख्या रहेको छ।

प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशको तथ्यांकअनुसार रौतहटमा ४ लाख ३६ हजार ६११ जना मतदाता रहेका छन्। यहाँको जनसंख्या ८ लाख १३ हजार ५७३ रहेको छ।

त्यस्तै महोत्तरीमा ४ लाख ३१ हजार २८२ जना मतदाता रहेका छन्। त्यस्तै प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका अनुसार सबैभन्दा कम मतदाता पर्सामा ३ लाख ७६ हजार ५१३ रहेको छ। पर्साको जनसंख्या ६ लाख ५४ हजार ४७१ रहेको जनाइएको छ।

प्रतिनिधिसभा निर्वाचनका लागि मधेश प्रदेशमा २ हजार १६० वटा मतदानस्थल र ४ हजार ४७१ वटा मतदान केन्द्र निर्धारण गरिएको छ।


प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका अनुसार सप्तरीमा २९६ वटा मतदान स्थल र ५६२ वटा मतदान केन्द्र निर्धारण गरिएको छ। त्यस्तै सिरहामा २२३ वटा मतदानस्थल र ५३१ वटा मतदान केन्द्र, धनुषामा ३२२ वटा मतदानस्थल र ६४५ वटा मतदान केन्द्र, महोत्तरीमा २५८ वटा मतदानस्थल र ५३६ वटा मतदान केन्द्र निर्धारण गरिएको छ।

त्यस्तै सर्लाहीमा ३१२ वटा मतदानस्थल र ६२८ वटा मतदान केन्द्र, रौतहटमा २७७ वटा मतदानस्थल र ५४१ वटा मतदान केन्द्र, बारामा ३०५ वटा मतदान स्थल र ५८७ वटा मतदान केन्द्र तथा पर्सामा १६७ वटा मतदानस्थल र ४४१ वटा मतदान केन्द्र निर्धारण गरिएको प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशले जनाएको छ।









अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### लोकतन्त्रको महापर्वमा सहभागी बनौँ

नेपालमा प्रतिनिधि सभा सदस्य पदका लागि बिहिवार मतदान हुँदैछ । लोकतन्त्रको महापर्वको रुपमा मनाइने चुनावमा सबै मतदाताहरु सहभागि भएर आफ्ना प्रतिनिधि चयन गर्नु पर्छ । आफ्ना जनप्रतिनिधि चुन्ने महत्वपूर्ण अवसर नेपाली मतदाताहरुले पाएका छन् । हुन त पाँच वर्ष कार्यकाल रहेको प्रतिनिधि सभा तीन वर्षमै विघटन भएकोले मध्यावधि निर्वाचन हुँदैन । देशमा मध्यावधि चुनाव हुनुलाई सकारात्मक मानिदैन । चुनाव महँगो प्रणाली हो । नेपालमा लागु रहेको निर्वाचन प्रणालीमा सुधार गर्न दलका नेताहरुले आवाज उठाउँदै आएका छन् । राष्ट्रको कार्यकारी प्रमुख (राष्ट्रपति अथवा प्रधानमन्त्री) को प्रत्यक्ष चुनाव हुनुपर्ने नेताहरुको माग जायज हो । व्यक्तिले चुनाव प्रतिस्पर्धा अत्यधिक खर्चिलो, महँगो र प्रभावित हुने भएकाले दलले नै चुनाव लड्नु उपयुक्त हुनेछ । त्यसमा उम्मेदवारले खर्च गर्नु पर्दैन । मतदाताहरुले दललाई मतदान गर्ने छन् । प्रत्यक्ष रुपमा कार्यकारी प्रमुख चुनिने भएपछि देशमा अहिलेको जस्तो समस्याहरु आउने छैन । देशमा पटक पटक चुनाव हुँदा विकास निर्माण लगायतका थुप्रै क्षेत्र नराम्ररी प्रभावित हुनेगर्छ । देशको रक्षा र विदेश नीति पनि प्रभावित हुन्छ । भ्रष्टाचारलगायतका अपराधिक गतिविधिहरुमा भारी वृद्धि हुने गरेको छ । त्यसकारण चुनाव प्रणालीलाई सुधार गरी राज्य सञ्चालन प्रणालीमा समेत सुधार गर्न आवश्यक छ । हाल भइरहेको चुनाव मार्फत नै जनप्रतिनिधि छनोट गर्नुपर्नेछ । हुन त चुनावमा कुनै एउटा दलले सरकार बनाउने बहुमत ल्याउने सम्भावना कम छ । त्यसकारण पनि आगामी सरकार पनि पूर्ण कार्यकाल चल्नेमा आशंका छ । नेपालको राजनीतिक स्थिरताका लागि एउटा दलको सरकार बन्नु आवश्यक छ । बहुमतको सरकार नभएसम्म देशमा विकास निर्माण लगायतको कार्यहरु योजनावद्ध रुपमा अगाडि बढन सक्दैन । भ्रष्टाचार लगायतका विकृतिहरु बढ्ने छ । संवैधानिक निकायहरु कमजोर हुनेछ । चुनावमा दलहरुले एकअर्कामाथि अनेक लाञ्छनाहरु लगाए । तर मतदाताले सबै दललाई आशिंक विश्वास गरेको देखिन्छ ।उ म्मेदवारहरुको व्यक्तित्व, दलहरुले सार्वजनिक गरेको लक्ष्य लगायतलाई मतदाताहरुले मतदानको आधार बनाएको छ । मतदाताहरु यस पटकको चुनावमा विगतको तुलनामा बढी सचेत देखिएका छन् । युवाहरुको भुमिका पनि चुनावमा महत्वपूर्ण देखिएको छ । भदौ २३ र २४ गते भएको आन्दोलनको प्रभावपनि चुनावमा परेको छ । प्रत्यक्ष तर्फ र समानुपातिक मतको अनुपातमा धेरै फरक देखिने सम्भावना छ । प्रत्यक्ष तर्फ जित्ने उम्मेदवारको जति मत समानुपातिक तर्फको मतमा निकै तलमाथि हुन सक्ने संकेत देखिएको छ । देशमा प्रतिनिधि सभा विघटनसंगै नयाँ प्रतिनिधि सभा चुनावका लागि फागुन २१ गते शर्त नै राखिएको थियो । देशमा चुनाव हुने, नहुने आशंका मतदान हुनु भन्दा तीन दिन अगाडिसम्म रहेको थियो । तर सबै आशंकालाई चिर्दै निर्धारित समयमै शान्तिपूर्ण ढंगले मतदान हुन लागेको छ ।

# अन्तरजातीय विवाहको सामाजिकीकरण कसरी गर्ने ?



● राजेश विद्रोही

फागुन महिना लागेसँगै वैवाहिक लगनगाँठोको मौसम सुरु भएको छ । समाजले सहजै स्वीकार्ने अनेक प्रकारका विवाह यस अवधिमा देखिन्छ-स्वजातीय विवाह, अभिभावक र आफन्तको रोजाइमा हुने विवाह, दाइजो प्रथामा आधारित विवाह, यहाँसम्म कि बालविवाह पनि । यी सबै खालका विवाहलाई समाजले सामाजिक विवाहका रूपमा सामान्य रूपमा ग्रहण गरेको पाइन्छ तर अन्तरजातीय विवाह भने अझै पनि समाजको स्वीकृतिको दायराभित्र पर्न सकेको छैन । युवायुवतीले आपसी समझदारी, प्रेम र स्वतन्त्र निर्णयका आधारमा गर्ने यस्तो विवाहलाई समाजले सहज रूपमा स्वीकार गर्न सकेको देखिँदैन किनभने नेपाली समाजको सबैभन्दा गहिरो, जटिल र दीर्घकालीन संरचना जातीय व्यवस्था हो ।

यो व्यवस्था केवल सामाजिक पहिचानमा सीमित छैन्, यसले सोच, चिन्तन, सम्बन्ध, अवसर, अधिकार र परिवर्तनको सीमा नै निर्धारण गर्छ । जन्मिँदा नै मानिस कुन जातमा पर्छ भन्ने आधारमा उसले जीवनमा के गर्न सक्छ, कोसँग उठबस गर्न मिल्छ, कसरी व्यवहार गर्नुपर्छ र कोसँग विवाह गर्नुपर्छ वा गर्न हुँदैन भन्ने निर्णय समाजले गरिदिन्छ । यही संरचनागत मनोविज्ञानका कारण अन्तरजातीय विवाह आज पनि सामाजिक अस्वीकार, बहिष्कार र हिंसाको केन्द्रमा छ ।

अन्तरजातीय विवाहप्रतिको सामाजिक असहिष्णुता नेपालमा कति गहिरो छ भन्ने कुरा केही प्रतिनिधि घटनाले स्पष्ट देखाउँछन् । काभ्रेका अजित मिजार अन्तरजातीय विवाहकै कारण हत्या गरिए तर विडम्बना-उनको शव आज पनि काठमाडौँस्थित शिक्षण अस्पतालको शवगृहमा न्यायको प्रतीक्षामा छ । मृत्युपछि पनि उनले सम्मानजनक अन्त्य पाउन सकेका छैनन्, जुन राज्य र समाज दुबैका लागि गम्भीर नैतिक प्रश्न हो ।

यस्तै, रुकुम पश्चिमको सोतीमा अन्तरजातीय प्रेम सम्बन्धकै कारण नवराज विकसहित छ जना युवाको हत्या गरी भेरी नदीमा बगाइएको घटना आज पनि नेपाली समाजको सामूहिक स्मृतिमा ताजै छ । यो घटना केवल सामूहिक हत्या मात्र थिएन, यो जातीय अहंकार, सामाजिक क्रूरता र संरचनागत हिंसाको चरम अभिव्यक्ति थियो । यी घटनाहरू अपवाद होइनन् । सप्तरीका मनोज राम-बबिता इसर, सर्लाही बरहथवाका सत्येन्द्र राम-नेहा रौनियार, रौतहटका लक्ष्मण पासवान-रुबी साहजस्ता घटनाहरू पनि अन्तरजातीय सम्बन्धकै कारण हिंसा, बहिष्कार र मृत्युको जोखिममा परेका चर्चित उदाहरण हुन् । यसले देखाउँछ कि समस्या कुनै भूगोल वा समुदायमा सीमित छैन्, यो देशव्यापी जातीय संरचनागत रोग हो ।

चिन्ताजनक कुरा के छ भने यस्ता घटना वर्षमा एक-दुई मात्र होइन्, दर्जनौंको सङ्ख्यामा दोहोरिइरहेका छन् । तर राज्यको तथ्याङ्क प्रणाली, प्रहरीको वर्गीकरण र राजनीतिक संवेदनशीलताको अभावका कारण यी घटनाहरूलाई प्रायः व्यक्तिगत अपराधका रूपमा सीमित गरिन्छ । जातीय हिंसाका रूपमा पहिचान र सम्बोधन हुँदैन । यसरी अन्तरजातीय विवाहका कारण हुने हत्या र हिंसालाई केवल सामाजिक विकृति भनेर छोड्नु पर्याप्त छैन । यो मानव अधिकार, समानता र संविधानले प्रत्याभूत गरेको नागरिक स्वतन्त्रतामाथिको प्रत्यक्ष आक्रमण हो–जसको स्पष्ट स्वीकारोक्ति, तथ्याङ्क सङ्कलन, कानुनी कठोरता र सामाजिक हस्तक्षेपबिना समाधान सम्भव छैन किनभने कानुनी रूपमा अन्तरजातीय विवाह मान्य भए पनि सामाजिक स्वीकृति नपाएको यथार्थ नेपाली समाजका लागि एउटा गम्भीर चुनौती बनेको छ । त्यसैले आजको प्रश्न अन्तरजातीय विवाह सही कि गलत भन्ने होइन । मुख्य प्रश्न हो-यसलाई समाजले स्वाभाविक, सम्मानजनक र मानवीय अभ्यासका रूपमा कसरी स्वीकार गर्ने ? अर्थात् अन्तरजातीय विवाहको सामाजिकीकरण कसरी गर्ने ?



अन्तरजातीय विवाह दुई व्यक्तिको निजी सम्बन्ध मात्र होइन, यो आजको युगको समाजको शक्ति संरचना, परम्परा, वर्चस्व र मानवीय स्वतन्त्रतामाथि उठ्ने प्रत्यक्ष प्रश्न हो । विशेषतः नेपालजस्तो समाजमा जहाँ जातलाई श्रेष्ठता र हीनताको आधार बनाइएको छ, त्यहाँ फरक जातबीचको विवाहलाई प्रेमको विषयभन्दा बढी सामाजिक विद्रोह वा अपराधका रूपमा हेरिन्छ । यही कारणले अन्तरजातीय विवाह गर्ने जोडीहरूले परिवार, समाज र कहिलेकाहीँ राज्यकै उदासीनताको सामना गर्नुपर्छ । सामाजिक बहिष्कार, मानसिक यातना, आर्थिक असहयोगदेखि हत्या र शारीरिक हिंसासम्मका घटनाहरू अझै पनि घटिरहेका छन् । यसले स्पष्ट गर्छ-समस्या कानुनको अभाव होइन, समस्या सामाजिक सोच र चेतनाको हो ।

सामाजिकीकरण भन्नाले कुनै अभ्यासलाई समाजले सामान्य, स्वाभाविक र स्वीकार्य ठान्ने प्रक्रिया हो । अन्तरजातीय विवाहको सन्दर्भमा यो प्रक्रिया अझै अधुरो छ । समाजले यसलाई अपवाद, लाज, समस्या वा संस्कार विरोधी कार्यका रूपमा बुझिरहेको छ । यसको मूल कारण जातीय मानसिकता हो-'मेरो जात माथि, तिम्रो जात तल्लो' भन्ने सोच, जुन पुस्तौँदेखि संस्कारका रूपमा हस्तान्तरण हुँदै आएको छ । यही सोचले मानिसलाई मानिस होइन्, जातको प्रतिनिधि बनाउँछ । जब मानिसलाई जातको सीमामा बाँधिन्छ, तब प्रेम र वैवाहिक छनोट स्वतन्त्र हुन सक्दैन ।

यसर्थ अन्तरजातीय विवाहको सामाजिकिकरणका लागि सबैभन्दा पहिले सकारात्मक सोचको पुनर्निर्माण आवश्यक छ । यो पुनर्निर्माण शिक्षा प्रणालीबाट सुरु हुनुपर्छ । विद्यालय तहदेखि नै जातीय समानता, मानव अधिकार र सामाजिक न्यायका मूल्यहरू पढाइ र व्यवहारमा उतार्नुपर्छ । पाठ्यपुस्तकमा जातीय विभेदको इतिहास, त्यसले सिर्जना गरेको पीडा र त्यसको अन्त्यका लागि भएका सङ्घर्षहरू स्पष्ट रूपमा समेटिनुपर्छ । अन्तरजातीय विवाहलाई असामान्य वा विवादास्पद विषयका रूपमा होइन्, विविध समाजको स्वभाविक मानवीय अभ्यासका रूपमा प्रस्तुत गर्नुपर्छ । शिक्षा केबल ज्ञान दिने माध्यम मात्र होइन, यो सोच निर्माण गर्ने सबैभन्दा शक्तिशाली औजार हो । आज शिक्षाले जे सिकाउँछ, भोलि समाजले त्यही व्यवहार गर्छ ।

समाज परिवारबाट सुरु हुन्छ र परिवारमै जातीय सोच सबैभन्दा कडा रूपमा जरा गाडेको हुन्छ । धेरै अभिभावकहरू अन्तरजातीय विवाहलाई आफ्नै इज्जत र सामाजिक हैसियतसँग जोडेर हेर्छन् । जब विवाहलाई सामाजिक प्रतिष्ठासँग दाँजिन्छ, त्यहाँ हिंसा र अपराध जन्मिन्छ । छोराछोरीको खुसीभन्दा 'समाजले के भन्छ' भन्ने डर ठूलो बनाइन्छ । यसैले परिवारभित्र स्वतन्त्र संवाद बन्द हुन्छ । सामाजिकीकरणका लागि परिवारभित्र खुला संवादको संस्कार विकास गर्नु अनिवार्य छ । विवाह, प्रेम र जीवन साथीको छनोटबारे अभिभावक र सन्तानबीच खुलेर कुरा हुनुपर्छ । 'हाम्रो पालामा यस्तो थिएन' भन्ने तर्कभन्दा "तिमीले किन यस्तो सोच्यौ ?" भन्ने प्रश्नले चेतनाको ढोका खोल्छ । अन्तरजातीय विवाह गरेका दम्पतीका सकारात्मक अनुभवहरू परिवार र समुदायमा साझा गर्न सकिएमा डर क्रमशः विश्वासमा बदलिन सक्छ ।

सूचना प्रविधिको युगमा सञ्चार माध्यमले अन्तरजातीय विवाहको सामाजिकीकरणमा निर्णायक भूमिका खेल्न सक्छ तर अहिलेको मिडिया प्रवृत्तिले यसलाई प्रायः हिंसा, हत्या, विवाद र बिग्रहसँग मात्र जोडेर प्रस्तुत गर्छ । यसले समाजमा नकारात्मक धारणा अझै बलियो बनाउँछ । मिडियाले सफल, सम्मानीत र सशक्त अन्तरजातीय दम्पतीका कथालाई प्राथमिकता दिनुपर्छ । सिनेमा, टेलिसिरियल, वेब सिरिज र साहित्यमा अन्तरजातीय सम्बन्धलाई समस्या होइन, सामान्य मानवीय सम्बन्धका रूपमा चित्रण गर्नुपर्छ । साथै, भाषा अत्यन्त महत्वपूर्ण छ । 'तल्लो जात', 'उचो जात', 'घर बिगार्यो', 'इज्जत गयो' जस्ता शब्दावली सोच निर्माण गर्ने विष हुन् । यस्ता भाषालाई विस्थापित गर्नु नै सामाजिकीकरणको महत्वपूर्ण कदम हो ।

धर्म र संस्कृति पनि प्रायः अन्तरजातीय विवाहको विरोधका औजार बनाइन्छन् । धर्मको गलत व्याख्या गर्दै जातीय विभाजनलाई ईश्वरीय व्यवस्था ठहऱ्याइन्छ । जबकि अधिकांश धर्मका मूल सन्देश मानव समानता, प्रेम र करुणामा आधारित छन् । धार्मिक र सांस्कृतिक अगुवाहरूले अन्तरजातीय विवाहको विरोध होइन, समर्थन गर्ने स्पष्ट र साहसी भूमिका खेल्नुपर्छ । संस्कृति स्थिर वस्तु होइन, यो समय र समाजसँगै परिवर्तन हुन्छ भन्ने बुझाइ फैलाउनुपर्छ । संस्कृतिको नाममा विभेदको संरक्षण गर्नु संस्कृतिको रक्षा होइन, पतन हो ।

राज्यको भूमिका यहाँ अत्यन्त महत्वपूर्ण छ । अन्तरजातीय विवाह प्रोत्साहनका लागि केबल नगद सहयोग पर्याप्त हुँदैन । विवाहपछि जोडीलाई सुरक्षा, कानुनी सहायता र मनो-सामाजिक परामर्श आवश्यक हुन्छ । धेरै अन्तरजातीय दम्पती विवाहपछि एक्लो र असुरक्षित महसुस गर्छन्, कतिपय अवस्थामा हिंसा वा सम्बन्धबिच्छेदसम्म पुग्छन् । राज्यले उनीहरूलाई उदाहरणका रूपमा होइन, नागरिकका रूपमा संरक्षण गर्नुपर्छ । स्थानीय तहहरूले सार्वजनिक सम्मान, समुदायस्तरीय संवाद कार्यक्रम र जातीय सद्भाव अभियान सञ्चालन गर्नुपर्छ, जसले समाजमा सकारात्मक सन्देश प्रवाह गर्छ ।

युवा पुस्ता अन्तरजातीय विवाहको सामाजिकीकरणको सबैभन्दा ठूलो शक्ति हो । आजका युवाहरू पुराना मूल्य र नयाँ चेतनाको सङ्घर्षको केन्द्रमा छन् । यदि उनीहरूले प्रेम, सम्मान र समानतालाई जातभन्दा माथि राख्ने साहस गरे भने समाजको दिशा बदलिन सक्छ । तर यो साहस एक्लै सम्भव हुँदैन । नागरिक समाज, अभियन्ता र सामाजिक सञ्जालले अन्तरजातीय विवाह गर्नेहरूलाई एक्लो नछाड्ने संस्कार विकास गर्नुपर्छ । सामूहिक समर्थनले मात्र व्यक्तिगत साहसलाई सामाजिक आन्दोलनमा रूपान्तरण गर्न सक्छ ।

अन्तरजातीय विवाहको सामाजिकीकरणको अन्तिम लक्ष्य जातीय पहिचान मेट्नु होइन्, संस्कृति नष्ट गर्नु पनि होइन । यसको लक्ष्य मानवलाई जातभन्दा माथि राख्ने समाज निर्माण गर्नु हो–जहाँ विवाह प्रेम, समझदारी र सम्मानको विषय होस्, जातीय गणनाको होइन । जब समाजले 'कुन जातको हो ?' भनेर सोध्न छोड्छ र 'कस्तो मान्छे हो ?' भनेर सोध्न थाल्छ, त्यही दिन अन्तरजातीय विवाह पूर्ण रूपमा सामाजिकीकृत भएको मान्न सकिन्छ । यसैले अन्तरजातीय विवाह कुनै सामाजिक समस्या होइन, यो समाजको पुरानो रोग निको पार्ने औषधि हो । जातीय विभाजन, छुवाछूत र असमानताले ग्रसित समाजलाई समान, न्यायपूर्ण र मानवीय बनाउने एउटा सशक्त माध्यम हो । यसको सामाजिकीकरण एकै दिन सम्भव हुँदैन । तर शिक्षा, संवाद, संस्कृति, सञ्चार, राज्य र नागरिक चेतनाको संयुक्त प्रयासले यो अवश्य सम्भव छ । अन्तरजातीय विवाहलाई स्वीकार गर्नु भनेको केबल दुई व्यक्तिको सम्बन्ध स्वीकार गर्नु होइन–यो भविष्यको समावेशी र मानवीय समाज रोज्नु हो ।

### सन्दर्भ अन्तरराष्ट्रिय महिला दिवसः

# नेपालको आँखा स्वास्थ्यमा महिलाको पहुँच



● सविता केसी

अन्तरराष्ट्रिय महिलादिवस महिला अधिकार, समानता र सशक्तीकरणको उत्सव मात्र नभई समाज रूपान्तरणमा महिलाको योगदानको सम्मान गर्ने विशेष अवसर पनि हो ।

नेपालको आँखा स्वास्थ्य क्षेत्रमा पनि महिलाहरूले चिकित्सक, नर्स, नेत्र सहायक, स्वास्थ्य स्वयंसेविका, व्यवस्थापक तथा नेतृत्वदायी भूमिकामा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् । दुर्गम गाउँदेखि सुविधासम्पन्न सहरसम्म, आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार, अन्धोपन न्यूनीकरण र समुदायमा सचेतना अभिवृद्धि गर्न महिलाहरू अग्रपङ्क्तिमा सक्रिय देखिन्छन् ।

तर, सेवाप्रदायकको रूपमा मात्र होइन, सेवाग्राहीको रूपमा पनि महिलाहरू विशेष ध्यानको पात्र छन्। सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणले महिलाहरू समयमै उपचारबाट वञ्चित हुने जोखिममा रहन्छन् । यस सन्दर्भमा लैङ्गिक समावेशी नीति, महिला-मैत्री सेवा वातावरण र नेतृत्व तहमा महिलाको सशक्त उपस्थिति अत्यन्त आवश्यक छ । अन्तरराष्ट्रिय महिला दिवसको अवसरले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा महिलाको योगदानलाई सम्मान गर्दै समान पहुँच र अवसर सुनिश्चित गर्ने प्रतिबद्धता पुनःस्मरण गराउने सन्देश दिन्छ ।

नेपालमा अन्धोपन न्यूनीकरण र गुणस्तरीय आँखा स्वास्थ्य सेवा विस्तारमा नेपाल नेत्रज्योति सङ्घको भूमिका ऐतिहासिक र अग्रणी रहँदै आएको छ । सङ्घले सञ्चालन गर्दै आएका आँखा अस्पताल, उपचार केन्द्र, समुदाय-आधारित कार्यक्रम तथा जनचेतनामूलक अभियानहरूमा महिलाहरूको सहभागिता उल्लेखनीय छ ।

चिकित्सक, विभिन्न स्वास्थ्यकर्मी, नेत्र सहायकदेखि व्यवस्थापन तहसम्म महिलाहरूले नेतृत्वदायी जिम्मेवारी सम्हाल्दै संस्थालाई दिगो र परिणाममुखी दिशामा अघि बढाइरहेका छन् । यसले संस्थागत विकाससँगै महिला सशक्तीकरणको सन्देश पनि सुदृढ बनाएको छ ।

त्यसैगरी, सङ्घले समुदायमा महिला स्वयंसेविका र स्थानीय आमा समूहहरूसँग सहकार्य गर्दै आँखा परीक्षण शिविर, विद्यालय आँखा स्वास्थ्य कार्यक्रम तथा महिला-केन्द्रित सचेतना अभियान सञ्चालन गर्दै आएको छ । ग्रामीण तथा विपन्न वर्गका महिलालाई समयमै पहिचान र उपचारमा जोड्दै सेवा पहुँच बढाउने प्रयास सङ्घको प्राथमिकतामा रहेको छ । अन्तरराष्ट्रिय महिलादिवसका सन्दर्भमा, नेपाल नेत्रज्योति सङ्घले आँखा स्वास्थ्य क्षेत्रमा महिलाको नेतृत्व, सहभागिता र समान अवसरलाई थप सुदृढ बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रमलाई अगाडि बढाएको छ ।

नेपालमा विगत केही दशकमा अन्धोपनको दर उल्लेखनीय रूपमा घट्नुमा सरकारी तथा गैरसरकारी क्षेत्रको संयुक्त प्रयास महत्वपूर्ण रहेको छ । सन् १९८१ मा ०.८४ प्रतिशत रहेको नेपालको अन्धोपनको समस्या सन् २०२१ सम्ममा घटेर ०.२८ प्रतिशतमा झरेको छ । विशेष गरी समुदायमा आधारित आँखा स्वास्थ्य कार्यक्रम, समयमै मोतियाविन्दु शल्यक्रिया, विद्यालय आँखा परीक्षण तथा जनचेतना अभिवृद्धिका कारण अन्धोपन न्यूनीकरणमा सकारात्मक प्रगति भएको छ । यस अभियानमा महिलाहरूको सक्रिय सहभागिता-चाहे सेवा प्रदायकका रूपमा होस् वा समुदायमा सचेतना फैलाउने अगुवाका रूपमा-निर्णायक रहँदै आएको छ ।यस अभियानको नेतृत्वदायी संस्थाका रूपमा नेपाल नेत्रज्योति सङ्घले देशभर आफ्ना आँखा अस्पताल र उपचार केन्द्रमार्फत लाखौँ नागरिकलाई सेवा प्रदान गर्दै अन्धोपन घटाउने राष्ट्रिय लक्ष्यलाई साकार बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । नेपाल नेत्रज्योति सङ्घअन्तर्गत सञ्चालित नेपाल नेत्रज्योति सङ्घ विगत ४८ वर्षदेखि अन्धोपन निवारणमा आँखा स्वास्थ्य सेवाको माध्यमबाट विद्यमान अन्धोपनको समस्यालाई न्यूनीकरण गर्ने अभियानमा क्रियाशील एक मुनाफारहित, गैरसरकारी विशुद्ध सामाजिक संस्था हो ।

विसं २०३५ साल चैत १३ गतेका दिन समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठिन समाजसेवीहरुको सामूहिक प्रयासबाट स्थापना भएको यस सङ्घले नेपाली जनतामा सुलभ, सस्तो र गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । नेपाल सरकारबाट आँखा उपचार सेवा देशका सबै जनताको घरदैलोमा पुऱ्याउने दायित्व र निर्देशन प्राप्त भएअनुरुप नेपालको सबै क्षेत्रहरुलाई समेटने गरी २८ आँखा अस्पतालहरु, २२६ आँखा उपचार केन्द्रहरु तथा ४३ जिल्ला शाखाहरुका साथै हजारौँ समाजसेवीहरु र करिब तीन हजार कर्मचारीमार्फत नेपाल सरकार स्वास्थ्य मन्त्रालयसँगको महत्वपूर्ण सहकार्य, निर्देशन तथा अन्तरराष्ट्रिय विकास साझेदारहरु, प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय जनसमुदाय एवं निष्ठावान कर्मचारीहरुको उल्लेख्य साथ र सहयोगमा आँखा स्वास्थ्य सेवालाई हिमाली क्षेत्रका विकट गाउँदेखि तराईका समथर भूमि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सर्वसाधारणलाई सहज, सर्वसुलभ र गुणस्तरीय उपचार सेवा पुऱ्याउने कार्यमा नेपाल नेत्रज्योति सङ्घले अग्रणी भूमिका खेल्दै आएको छ र नेपालभर आँखासम्बन्धी स्वास्थ्य सेवा विस्तार हुँदै गए पनि महिला तथा पुरुषबीच सेवा पहुँचमा अझै पनि स्पष्ट असमानता देखिन्छ ।

यस विशाल सञ्जालभित्र हाल करिब ५३ प्रतिशत पुरुष र ४७प्रतिशत महिला कर्मचारी कार्यरत छन यसमा नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अपुग देखिन्छ जुन संख्या बढाउन आवश्यक छ । विशेषगरी दुर्गम तथा सीमान्तकृत समुदायमा महिला तथा बालबालिकालाई प्राथमिकतामा राख्दै सेवा विस्तार गर्नु सङ्घको प्रमुख रणनीति रहेको छ । अन्तरराष्ट्रिय महिलादिवसका सन्दर्भमा, अन्धोपन न्यूनीकरणमा महिलाको योगदानलाई सम्मान गर्दै आगामी दिनमा अझ समावेशी र दिगो आँखा स्वास्थ्य सेवा प्रवाह गर्ने प्रतिबद्धता अझ सशक्त बन्दै गएको छ । साथै नेपालमा महिलामा आँखासम्बन्धी समस्या पुरुषको तुलनामा बढी रहेको हुँदा सो हुनुमा निम्न कारणहरु देखिएका छन् भने सो को न्यूनीकरणका लागि निम्न प्रयास गर्नुपर्ने देखिन्छ ।

**नेपालमा महिलामा आखासम्बन्धी समस्या**

नेपालमा आँखासम्बन्धी बिरामीहरुको तथ्याङ्क हेर्दा महिलाहरु पुरुषको तुलनामा बढी प्रभावित रहेको पाइन्छ । सन् २०२१ मा सम्पन्न गरिएको (आरएएबी)सर्वेक्षणले पुरुषको तुलनामा महिलामा अन्धोपनको दर उच्च रहेको देखाएको छ । ५० वर्षभन्दा माथिका महिलामा अन्धोपनको दर करिब १.३ प्रतिशत रहेको छ भने पुरुषमा यो दर करिब ०.९ प्रतिशत मात्र रहेको देखिएको छ ।

आँखा स्वास्थ्यसम्बन्धी सेवाको पहुँच बारेको अध्ययनहरुले लै असमानता स्पष्टरुपमा देखिएको छ र विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिवेदनहरु, विशेष गरी ध्यचमि ज्भबतिज इचनबलष्शबतष्यल, क्ष्लतभचलबतष्यलबा ब्नभलअथ ायच तजभ एचभखभलतष्यल या द्यष्लिमलभकक को विश्लेषणअनुसार, अन्धोपना तथा दृष्टिदोषको भार महिलामा पुरुषको तुलनामा बढी पाइन्छ ।

तर, विडम्बनापूर्वक आँखा स्वास्थ्यसम्बन्धी सेवाको उपयोग दर भने महिलामा कम देखिन्छ । उपलब्ध तथ्यङ्कअनुसार करिब ८० प्रतिमहिलाले मात्र आवश्यक आँखा सेवा लिएको पाइन्छ भने पुरुषमा यो दर करिब ८४५ प्रतिशत रहेको देखिन्छ ।

यसले आँखाको स्वास्थ्य सेवामा पहुँच, समयमै उपचार र सामाजिक-आर्थिक कारणले महिलाहरू अझै जोखिममा रहेको सङ्केत गर्दछ । नेपालमा अन्धोपनको प्रमुख कारण अझै पनि मोतियाविन्दु नै रहेको छ, जुन समयमै शल्यक्रिया गरे पूर्ण रूपमा उपचार सम्भव हुने रोग हो ।यसका पछाडि विभिन्न सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणहरु जिम्मेवार रहेका छन् ।

**महिलाले आखाको सेवा कम पाउनुका प्रमुख कारणहरुः**

-सामाजिक तथा पारिवारिक जिम्मेवारी (महिलाहरु घरायसी काम, बालबालिका हेरचाह तथा परिवार व्यवस्थापनमा बढी व्यस्त हुने भएकाले आफ्नै स्वास्थ्यलाई प्राथमिकता दिन नसक्नु ।

-निर्णय गर्ने अधिकारको कमी (धेरै ठाउँमा महिलाले स्वास्थ्य सेवा लिन परिवारको अनुमति आवश्यक पर्ने अवस्था अझै कायम रहनु ।

-आर्थिक निर्भरता स्वतन्त्र आम्दानी नहुँदा उपचार खर्च व्यवस्थापन गर्न कठिन हुनु ।

-भौगोलिक पहुँचको समस्या (दुर्गम क्षेत्रमा बसोबास गर्ने महिलाका लागि आवश्यक स्थान पुग्न यातायात र सुरक्षाको चुनौती देखिनु ।

-लैङ्गिक संवेदनशील सेवाको अभाव (कतिपय अवस्थामा महिला स्वास्थ्यकर्मीको अभाव वा सुरक्षित वातावरण नहुँदा महिलाहरु सेवा लिन हिच्किचाउँनु ।

-सचेतनाको अभाव (आँखाको रोग समयमै उपचार नगरे दृष्टि गुम्न सक्ने भन्ने कुराको जानकारी धेरै महिलासम्म पुग्न सकेको छैन ।

महिलाले आँखाको स्वास्थ्य सुधार गर्न निम्न प्रयास आवश्यक देखिन्छ

*-नेतृत्व तहमा महिलाको सहभागिता बृद्धि*
*-समुदायस्तरमा लक्षित सचेतना कार्यक्रम*
*-महिला मैत्री स्वास्थ्य सेवा वातावरण*
*-आर्थिक तथा पहुँच सहजीकरण*
*-महिला स्वास्थ्य स्वयंसेविका तथा स्थानीय नेतृत्वको सक्रियता*



अन्तरगृह परिक्रमामा सामाजिक संजालबाट आर्जन गरेको रकमबाट युवाहरुको पहलमा श्रद्धालुभक्तजनहरुलाई निःशूल्क सरबत बाडिदै । तस्विरः टुडे

# दुई स्थानमा बम विस्फोट, चार घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधि सभा निर्वाचनको पूर्वसन्ध्यामा धनुषाको दुई स्थानमा श्रृंखलावद्ध रूपमा विस्फोट हुँदा चारजना घाइते भएको छ ।

धनुषाको मिथिला नगरपालिका-१० लालगढ र बर्दिवासबीच पर्ने रातो पुल (महोत्तरी साइड) मा रातो टेपले बेरिएको दुई वटा शंकास्पद वस्तु फेला परेको छ । प्राप्त विवरणअनुसार पुलमा राखिएको वस्तु छुँदा एउटा पड्किएको थियो ।

उक्त घटनामा जिल्ला कैलाली, घोडाघोडी नगरपालिका-१० निवासी सन्देश चौधरी र समीर चौधरी सामान्य घाइते भएका छन् । दुवैलाई उपचारका लागि बर्दिवासतर्फ लगिएको छ । घटनास्थलमा अर्को एक शंकास्पद वस्तु अझै रहेको छ । सुरक्षाकर्मीले क्षेत्रलाई नियन्त्रणमा लिई सर्वसाधारणको आवत-जावतमा रोक लगाएका छन् ।

यसअघि धनुषाको मिथिला नगरपालिका ९ बडहरीस्थित पूर्व-पश्चिम लोकमार्गको बडहरी पुलमाथि शंकास्पद वस्तु पड्किँदा दुई जना बालबालिका घाइते भएको थियो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक गणेशबहादुर बमका अनुसार विस्फोटमा परेर मिथिला ८ जमुनिवास बस्ने टेकबहादुर भुजेलकी १५ वर्षीया छोरी आशा भुजेल र ८ वर्षीय सुशील माझी घाइते भएका छन् भने अवस्था सामान्य रहेको छ ।

यस विषयमा जिल्ला प्रहरी कार्यालय धनुषा ले पुष्टि गर्दै बम डिस्पोजल टोली घटनास्थलमा पुगेको र शंकास्पद वस्तु सुरक्षित रूपमा निष्क्रिय पार्ने प्रक्रिया अघि बढाइएको जनाएको छ । घटनापछि पूर्व-पश्चिम लोकमार्ग क्षेत्रमा केही समय त्रास फैलिएको थियो ।

# रास्वपाका साह कालोसूचीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सर्लाही-३ मा उम्मेदवार बनाएका नरेन्द्र साह कलवार कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको पाइएको छ ।

२०७९ को निर्वाचनमा तत्कालीन नेकपा माओवादी केन्द्रबाट उम्मेदवार बनेर निकटम प्रतिस्पर्धी बनेका साह यसपटकको निर्वाचनमा उम्मेदवारी मनोनयनको अघिल्लो दिन रास्वपामा प्रवेश गरेका थिए । पार्टी प्रवेश गर्नासाथ उनलाई रास्वपाले उम्मेदवार बनाएको थियो ।

कर्जा सूचना केन्द्रको विवरण अनुसार कलवारलाई पछिल्लोपटक २०८१ मंसिर ५ गते केन्द्रले कालोसूचीमा राखेको छ । जुन अद्यावधिक कायम छ । उनको नाम कर्जा सूचना केन्द्रको कालोसूचीको ८९६३५ नम्बरमा छ । सर्लाहीका सहायक सीडीओ होमप्रसाद घिमिरेले कलवार कर्जा सूचना केन्द्रको कालो सूचीमा रहे नरहेको विषयमा अनुसन्धान भइरहेको बताए ।

यसअघि कालोसूचीमा रहेका धनुषा क्षेत्र नम्बर-१ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार किशोरी साहको उम्मेदवारी निर्वाचन आयोगले मंगलबार खारेज गरेको थियो ।

## निर्वाचन वातावरण शान्तिपूर्ण, मतदाता उत्साहित

काठमाण्डु । आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक)ले प्रतिनिधिसभा सदस्यको भोलि फागुन २१ मा हुने निर्वाचनमा मतदानका लागि मतदाता उत्साहित रहेको प्रतिवेदन सार्वजनिक गरेको छ ।उक्त संस्थाले निर्वाचनको पूर्वतयारी अवस्थाको स्थलगत अवलोकन र कल सेन्टरमा प्राप्त सूचनाका आधारमा समग्रमा निर्वाचनपूर्वको वातावरण शान्तिपूर्ण र व्यवस्थापकीय दृष्टिले व्यवस्थित रहेको निष्कर्ष सार्वजनिक गरेको छ ।

जियोकले मतदान तयारी, राजनीतिक दलको सहभागिता, सहयोग, समन्वय, निर्वाचनका चुनौती, आयोगको तयारी र निर्वाचन सुरक्षाको अवस्थाबारे अध्ययन गरेको हो । राजनीतिक दल, मतदाता, उम्मेदवार, नागरिक समाज, प्रेस, प्रमुख जिल्ला अधिकारी र जिल्ला निर्वाचन अधिकारीसँगको भेटवार्ता र कुराकानीका आधारमा प्रतिवेदन तयार गरिएको जियोकका महासचिव कृष्णमान प्रधानले जानकारी दिनुभयो ।प्रतिवेदनमा भनिएको छ, "राष्ट्रिय पर्यवेक्षकको स्थलगत अवलोकन प्रतिवेदनमा समग्रमा निर्वाचन शान्तिपूर्ण, स्वच्छ, स्वतन्त्र र भयमुक्त वातावरणमा सम्पन्न हुने आधार तयार भएको छ ।"

जियोकबाट निर्वाचनको राष्ट्रिय पर्यवेक्षणका लागि खटिनुभएका प्राध्यापक चिरञ्जीवी खनालले निर्वाचनको तयारी रफ्तारमा अघि बढिरहेको, कर्मचारी मतदानस्थलमा पुगिसकेको, मतदान केन्द्र निर्माण भइरहेको तथा सुरक्षा निकाय पनि जिम्मेवारीपूर्वक संवेदनशीलताका साथ आफ्नो स्थानमा तैनाथ भएको पाइएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "विगतमा राजनीतिक दल र उम्मेदवाले ठूला आमसभा र जुलुसमार्फत मतदातालाई प्रभाव पार्ने गरेकामा यसपटक भने गाउँटोलमै पुगेर भेटघाट गरेको पाइयो, निर्वाचनप्रति राजनीतिक दल कटिबद्ध र मतदाता उत्साहित रहेको पाइएको छ ।"प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अभियन्ता एवं जियोकका राष्ट्रिय पर्यवेक्षक हरिविनोद अधिकारीले निर्वाचनको लागि शान्तिपूर्ण वातावरण रहेको तथा मतदान केन्द्रका लागि आवश्यक पर्ने सबै स्रोतसाधनसहित कर्मचारीसहितको टोली मतदानस्थल पुगिरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "मतदाता, उम्मेवार, राजनीतिक दलका प्रतिनिधिसहित प्रमुख जिल्ला अधिकारीसमेत सुरक्षा संयन्त्र निर्वाचन शान्तिपूर्ण हुनेमा ढुक्क हुनुहुन्छ । हालसम्मको अध्ययन र विश्लेषणले स्वच्छ, स्वतन्त्र र भयरहित निर्वाचनको वातावरण बनेको छ ।"अर्का राष्ट्रिय पर्यवेक्षक गणेशमान प्रधान र डा मिनेन श्रेष्ठले अधिकांश मतदान केन्द्र विद्यालय र वडा कार्यालय भवनमा रहेकाले समग्रमा मतदातामैत्री नै रहेको पाइएको जानकारी दिनुभयो ।

# मिथिलामा होलीको धुम



प्रमोद कुमार साह

जनकपुरधाम । असत्यमाथि सत्यको जीत र आपसी भाइचारको पर्व होली यस वर्ष नेपालमा तीन दिन मनाइएको छ। आसन्न प्रतिनिधीसभाको निर्वाचनको एक दिन पहिले पनि मिथिलामा रंगदार होली खेलिएको छ । यस वर्ष पहाडमा एक दिन र मधेशमा फरक फरक दुई दिन होली मनाइएको छ । सोमबार पहाडमा होली मनाइएको छ भने मंगलबार र बुधबार दुइ दिन मधेशमा मनाइएको छ । फागु पुर्णीमाको भोली पल्ट मधेशमा होली खेल्ने प्रचलन रहदै आएपनि मिथिलामा अन्तरगृह परिक्रमाको भोली पल्ट होली खेलीने भएकोले यसवर्ष जनकपुरधामा बुधबार होली खेलिएको छ ।

मिथिलामा फागुन शुक्ल चतुर्दशीका दिन मध्यरातमा राक्षसी प्रवृत्तिकी होलिकाको प्रतिमा दहन गरेर पूर्णिमाका दिन त्यसको धुरा (खरानीको धुलो) उडाइएपछि भोलिपल्ट होली पर्व मनाउने परम्परा छ । मिथिलामा 'फगुवा' पनि भन्ने गरिएको होली पर्व मंगलबार राती होलिका दहन गरि धुरा उडाइएसँगै बुधबार होली मिथिला क्षेत्रमा खेलीएको छ । मिथिला क्षेत्रका प्रत्येकजसो गाउँनगर बस्तीमा रङ अबिरको खरिद बिक्री बढेसँगै होली गीतका स्वर गुञ्जदै छन् । फागुन पूर्णिमाको भोलिपल्ट रङ अबिर खेल्दै मिष्ठान्न भोजन गरेपछि समापन गरिने होलीपर्व मिथिला क्षेत्रको आपसी प्रेम दर्शाउने मुख्य पर्व रहँदै आएको छ । यस पर्वको परम्परासँग कतिपय पौराणिक प्रसङ्ग गाँसिएका छन् । त्रेतायुगमा विवाहपश्चात फागुन शुक्लपक्षमा मिथिलाका विभिन्न क्षेत्रमा बिहार गर्दै कञ्चनवन पुगेर मिथिलाबिहारी (श्रीराम) र जनक नन्दिनी किशोरीजी (सीताजी) ले फागुन शुक्ल सप्तमीका दिन एकापसमा रङ अबिर खेलेर वसन्त उत्सव मनाउँदै पूर्णिमाका दिन जनकपुरधाममा स्वजनसहित फागु खेलेका सम्झनामा होलीपर्व शुरु भएको मानिने एउटा मत रहेको छ । यद्यपि होलीपर्वको सन्दर्भ सत्ययुगमा दैत्यराज हिरण्यकशिपुले विष्णुभक्त आफ्ना छोरा प्रह्लादलाई मार्न आगोमा पोलिएर नमर्ने अभय वरदान पाएकी बहिनी होलिकाको काखमा राखेर अग्निकुण्डमा राख्दा अभय वरदान पाएकी होलिका भष्म भएकी र प्रह्लाद भने ध्यान मुद्रामा भगवान्को नाम जप्तै शान्त मुद्रामा रहेका विश्वाससँगै जोडिएको श्रीमद् भागवत कथा प्रसङ्गबाट नै राक्षसी प्रवृत्ति नास भएको खुशीयालीमा यो पर्व परम्परा शुरु भएको बताइन्छ । यसै सन्दर्भलाई मिथिलाको हकमा पर्वप्रति अपनत्व बढाउन मिथिलावासीले मिथिलापुत्री जानकीको सन्दर्भ जोडेर यो पर्वको ओज बढाएका बताइन्छ । फागु पर्वको बढ्दो रमझमसँगै मिथिलाका जिल्लाका बजारमा विभिन्न रङका अबिरको माग बढेको व्यापारीहरुको भनाइ छ । पर्वको भोजनमा मासुको प्रयोग आमरूपमा हुने भएकाले खसी बोका र कुखुरासँगै शाकाहारीले खाने मिष्ठान्न परिकारका सामानको जोहोमा सबैजसो परिवारको व्यस्तता बढेको छ । आपसी सद्भाव, राक्षसी (तामसी) प्रवृत्तिविरुद्ध सात्विक प्रवृत्तिको जित भएको प्रतीकका रूपमा मनाइने होली पर्व रङ, अबिरको पर्व मानिन्छ । सम्पूर्ण राग, द्वेष बिर्सेर एकअर्कालाई विजयको प्रतीक रातो अबिर लगाएर शुभकामना आदान-प्रदान गरिने परम्पराको यो पर्वमा मालपुवा, सेल रोटीसहितका मिष्ठान्न परिकार खाने, खुवाउने मिथिला परम्परा छ ।

### मिथिला होली गितको महत्व

मिथिलामा फागुमा गाइने गीतमा ईश्वरप्रतिको भक्ति, स्थानीय चलन, सामाजिक र पारिवारिक सम्बन्धभित्रका हास्यपरक व्यङ्ग, युवायुवतीबीचको एकअर्काप्रतिको आकर्षण, शाब्दिक छेडखानी र संस्कृतिसँग सम्बन्धित भाव भेटिन्छन् । गीतकै माध्यमबाट रामसीताले वनविहार गर्दै रङ्ग छ्याछ्याप गरेका कथानक बुनिएका भावमात्र हैन, गीतमा नवयौवनालाई रङ खेल्न आउने चुनौतिपूर्ण निम्ता पनि हुन्छ । गीतमा हुने भरपूर मनोरञ्जनले नवयौवना 'होरैया' का अगाडि पर्न नसके पनि छिंडीमा लुकेर खिलखिलाउन भने छोड्दैनन् । फागु गीतमा रङ्ग, अबिरको महत्ता बाहिरी आङमा रङ देखिनुसम्म मात्र नभएर मन रङ्गिनुसँग हुन्छ । प्रशन्नता, उल्लास फागु गीतका अवयब नै हुन् । फागु गीतमा किशोरावस्था पार गरेसँगै युवापुस्तामा हुने/आउने प्रणय सम्बन्धको कल्पना, रुप यौवनको वर्णन र एकअर्कामा समाहित हुन गरिने अपिलका भाव हुन्छन् । गीतमै नवयौवनाको मनोदशा वर्णनका रोमाञ्चक भाव समेटिएका हुन्छन् । अनुराग, प्रेम र समर्पणको भाव फागु गीतमा अलि बढी नै उच्छालिएका हुन्छन् । मैथिल संस्कृतिमा अन्यबेला छिल्लिएको अर्थमा बुझिने प्रस्तुति पनि 'होरी' मा स्वीकार्य हुन्छ । मैथिली साहित्यकार राजेन्द्र विमलका अनुसार होरी मनका बन्धन फुकाएर रमाइने पर्व हो, त्यसैले होरी गीतमा शृङ्गार रसको प्रधानता हुन्छ ।

### इतिहासमा सीमित हुदै जोगिरा

होली पर्व र संगीत बिच गहिरो सम्बन्ध हुन्छ । संगीत बिनाको होलीको परिकल्पना नै गर्न सकिदैन । भनिन्छ होली पर्व मन भित्र रहेको कुण्ठित विचारलाई समाप्त पार्ने पर्व हो । कुण्ठत विचार र मन भित्र दबेका विचारलाई प्रस्फुटित गर्ने सबैभन्दा उत्तम माध्यम नै मिथिलाञ्चलमा गाइने जोगिरा गीत हो ।

*कौन तालपर ढोलक बाजे कौन ताल मृदङ्ग*
*कौन तालपर गोरिया नाचे कौन तालपर हम*
*जोगीरा सर र र...*
*मिथिलाञ्चलमा गाइने यस प्रकारको जोगिराले होली पर्व खेल्नेहरुका बिच उर्जाको संचार गर्ने गर्छ ।*
*किनका के हाथ कनक पिचकारी,*
*किनका के हाथ अबीर झोरी ?*
*रामजी के हाथ में कनक पिचकारी,*
*सियाजी के हाथ अबीर झोरी‼ जोगिरा..सररर..‼'*

(कसको हातमा सुन जडित पिचकारी (लोला) छ र कसको हातमा अबीरको झोला ? रामजीको हातमा सुन जडित पिचकारी छ र सीताजीको हातमा अबीरको झोला) पौराणिक गाथाका विषयवस्तु, भक्ति, ख्यालठट्टा, प्रेमयुक्त र रउस मिसिएका मैथिली भाषामा गाइने जोगिरा (फागु गीत) अब मिथिलाञ्चलमा सुनिन छाडेका छन् ।

बसन्त पञ्चमी (श्रीपञ्चमी) कै दिनदेखि अबीर खेल्न शुरु गर्दै फागुन पूर्णिमासम्म दिनदिनै प्रत्येक रात डम्फू बजाएर समूहमा गाइने जोगिरा अब मिथिला क्षेत्रमा सुन्न छाडिएको हो । जोगिरा गाउने पुराना पुस्ताका मरिसकेका र केही वृद्ध भएसँगै नयाँ पुस्ताले यसबारे चासो राख्न छाडेपछि अब मिथिलामा जोगिराको डम्फू बज्न छाडेको हो ।

'यसपालिको होली मुखमा आइसक्यो, न डम्फू बज्छ..न जोगिरा..का स्वर नै सुनिन्छन्..!' वर्षौंदेखि जोगिरा गाउँदै आउनुभएका भंगाहा-४ का लाली महतोले भन्नुभयो-, 'मेरा समूहका धेरै साथी मरे, कोही बुढा भएर थलिएका छन्, अझै गाउने त रउस छ, तर साथ दिने कोही छैनन् ।' 'बसन्तपञ्चमीसँगै होली (फागु) पर्वको सन्देस छर्ने जोगिरा..(फागु गीत) अब सुनिन छाडेपछि महोत्तरी सहितका मिथिलाञ्चल क्षेत्रको यो पुरानो संस्कृति लोप हुने स्थितिमा पुगेको छ ।

तिथिमिति सम्झना नराख्नेका लागि पनि होली शुरु भएछ भन्ने सन्देश दिने मृदङ्ग, हारमोनियम र डम्फू (फागु गीतका वाद्यवादन) का तालमा सुनिने जोगिरा गीत गाइने परम्परा एक दशकयता सुन्न छाडिएको छ । आपसी सद्भाव, भ्रातृत्व र उमंगको प्रतीक मानिने फागु (होली) पर्वमा हास-परिहास, ठट्टा गरिनेबीच गीतबाटै गरिने छेडखानी, प्रेमयुक्त भाव र रउसको संयुक्त प्रतिविम्ब हुने जोगिरा..सुन्न छाडिएपछि यो पर्व आएको छनक नै हुन छाडेको छ ।

संस्कृतिको सम्झनामात्र नभई त्यो प्रतिको समर्पण भाव, भक्तिका लयमात्र नभई रतिराग, दुःख र जीवनका तिता अतित बिर्साउने रउस र अबीर एवं रङको महिमा एकसाथ सुन्न पाइने जोगिरा लोप हुँदै गएपछि होलीको रौनक पनि घटेको छ । "होली आएको पत्तै हुँदैन बर्दिवास-९ पशुपतिनगरका ८० वर्षीय नथुनी महतो खिन्न हुँदै भन्नुहुन्छ-, "टोलटोल बस्तीबस्तीमा प्रत्येक रातजसो गुञ्जिने जोगिरा अब सुनिन छाडिएका छन् । अब नयाँ पुस्ताले पुराना संस्कृति बिर्सदै गएपछि अब आउने पुस्ताले जोगिरा भन्ने कुरा इतिहासमा मात्र पढ्ने स्थिति आइपुग्ने महतोको चिन्ता छ ।

*'कोन तालपर डम्फू बाजे,*
*कोन ताल मृदङ्ग,*
*कोन तालपर गोरिया नाचे,*
*कोन तालपर हम..‼ जोगिरा सररररररर..‼'*

(डम्फू कुन तालमा बज्छ, मादल कुन तालमा बज्छ ? अनि गोरी कुन तालमा र म कुन तालमा नाच्छु ?) होलिया (फागु गीत गाउने गायक) का स्वरमा घरभित्र लुकेर बसेकी नवयौवना मिथिलानीलाई उकुसमुकुस बनाउने र सबै सामाजिक पर्दा उघारेर बाहिर नाच्न आउँआउँ लाग्ने जोगिरा लोप हुँदै गएपछि फागु पर्वको सौन्दर्य स्वात्तै घटेको पुराना होलिया बताउँछन्।

*'हे डम्फाके चोट महलबीच पहुँचय,*
*सुतली गोरिया चहक् उठय.. अही फागुन में !*
*जोगिरा..सररर‼*

(जब डम्फूको आवाज घरभित्र पुग्दछ, सुतेकी नवयौवना जाग्छिन्..फागुमा) ख्यालठट्टा गर्न मैथिल सामाजिक स्वीकृति पाएको नाताबीच (साली-भिनाजु, देवर-भाउजु, सोल्टा-सोल्टी) बीच जोगिरा गीतमार्फत हुने ठट्टाले दिने मनोरञ्जन र कोठाभित्र लुकेर बसेकी नवयौवनालाई शृङ्गारिक गीतका भावले फागु खेल्न आउन चुनौतीपूर्ण निम्ता दिने यस्ता स्वर सुनिन छाडेपछि आफ्नै ठाउँ बिरानोजस्तो लाग्ने गरेको महोत्तरीकै एकडारा गाउँपालिका भटौलियाका विजयकुमार कर्ण बताउँछन्।

सामाजिक छुवाछूत, उचोनिचो जात र भिन्नभिन्न धर्मसंस्कृतिप्रति परहेज गर्ने पनि एक अर्कोलाई अंकमाल गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ । तर, यसको सौन्दर्यको महत्वपूर्ण अंग जोगिरा लोप हुँदै गएर अब 'डिस्को' बज्न थालेपछि मैथिल मौलिकता हराउँदै गएको कर्णले चिन्ता व्यक्त गरे।

ख्यालठट्टा गरिने नाताबीचका नवयौवनामात्र नभई होलियाबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक छैन ।

*'कई हाथ के धोती पहिरेई, कई हाथ के लपेटा,*
*कई धार के पानी पिए, कई बाप के बेटा..!*
*जोगिरा..सररर‼'*

(कति हातको धोती लाउँछौँ ? तिमीले लाउने धोतीको कति हात लपेटा छ ? कतिवटा खोलाको पानी खाएका छौ, कतिवटा बाबुको छोरा हौ ?) एकपक्षले अर्कोपक्षलाई 'कई बापके बेटा' (कतिवटा बाबुको छोरा) भनेर गीतमार्फत नै सोधिने भाव होलीको जोगिराबाहेक अरु बेला कल्पना पनि सकिन्न ।

जोगिरामा कामोत्सव भाव, बीर रस, आफ्नो परम्परागत संस्कृतिप्रतिको गौरवबोध, अध्यात्मिक पक्ष र धार्मिक परम्पराप्रतिको समर्पण, माया प्रेम, ऊर्जा संस्कृतिको प्रचुरता, परम्पराको निरन्तरता र उमंग एकसाथ भेट्टाइने भाव हुने मिथिला क्षेत्रका प्रसिद्ध साहित्यकार डा राजेन्द्रप्रसाद विमल बताउँछन्।

राजनीतिक अधिकारका लागि मिथिला क्षेत्रमा नयाँ पुस्ताको आन्दोलनमा सहभागिता देखिएपनि संस्कृतिको जगेर्ना र संरक्षणमा भने खासै उत्साह नदेखिएको बुढापाकाले टिप्पणी गर्ने गरेका छन् । आउने दिनमा मैथिल युवाले यहाँको मौलिक संस्कृति जगेर्नामा ध्यान दिएमात्र मिथिला संस्कृति र सभ्यताको पहिचान झन चहकिलो हुँदै जाने शिक्षण पेशाबाट अवकास लिनुभएका महोत्तरी भंगाहा-७ मेघनाथ गोरहन्नाका ६२ वर्षीय चन्द्रनारायण चौधरी (थारु) ले आश संगालेका छन्।

होली पर्व आउन केही ,दिन मात्र बाँकी रहेका बेला महोत्तरीमा जोगिरा हराउँदै गएकोबारे सर्वसाधारणले पनि चासो बढाएका छन् । श्रीपञ्चमीदेखि नै डम्फूको तालमा राति अबेरसम्म बस्तीरबस्तीमा गुञ्जिने जोगिरा सुन्न नपाउँदा होली नजिकिएको भान नै नहुने भोइलका ७० वर्षीय मोहन महतोले बताए ।

मिथिलाञ्चलमा बसन्तपञ्चमीदेखि होली गीत (जोगिरा) शुरु भएर मिथिला माध्यमिकी परिक्रमाको सातौं दिन महोत्तरीको भंगाहा नगरपालिका-९ कञ्चनवनमा यात्रीले एकापसमा रङ अबीर खेलेपछि होली पर्व मनाइन थालिने परम्परा छ ।

अघि त्रेता युगमा राम-सीता वनविहार गर्दै डुल्दा फागुन शुक्ल सप्तमीका दिन सो ठाउँ पुग्दा लुकामारी खेल्दै एकापसमा रङ अबीर खेलेका सम्झनामा माध्यमिकी परिक्रमा यहाँ आइपुगेका दिन होली पर्वको रङ अबीरको खेल शुरु गर्ने परम्परा बसेको छ ।

होली पर्वमा गाइने जोगिरामा अश्लिल गीतहरु समेत हुन्छन् । त्यस पछाडीको कारणले समेत ठूलो अर्थ राख्छ । संस्कृतिविद एवं साहित्यकार डा. राजेन्द्र विमलले अश्लिल गीतको माध्यमले मन भित्र रहेको कामवासना लाई बिर्सन पनि जोगिरा सहायक सिद्ध हुने गरेको बताए ।

तर केही वर्ष यता जोगिरा लोप हुँदै गई रहेको छ । मिथिलाको प्राचिन परम्पराहरु मध्ये जोगिरालाई बचाउनका लागि युवाहरुले नै भूमिका खेल्नु आवश्यक रहेको छ ।



# निर्वाचन भाँड्ने र पैसा बाँड्नेसहित तीन पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन भाँड्ने गतिविधि गरेको आरोपमा दुई र पैसा बाँडेका आरोपमा एकसहित तीन जना धनुषाबाट पक्राउ परेको छ।

धनुषा प्रहरीका अनुसार पक्राउ पर्नेहरुमा बहुमत पार्टीका जिल्ला सचिव नागेन्द्र दास र क्रान्तिकारी कम्युनिष्ट पार्टीका जिल्ला सचिव नन्दु कुमार झालाई पक्राउ गरिएको हो।

धनुषाका एसपी रुगमबहादुर कुँवरले दिएको जानकारी अनुसार निर्वाचन भाँड्ने गतिविधि गरेको आरोपमा यिनीहरुलाई पक्राउ गरिएको हो। पक्राउ परेका दासकोबाट विभिन्न उम्मेदवारहरुको नाममा निर्वाचनमा भाग नलिन चेतावनी सहितको पत्र, मतदानमा सहभागी नहुन मतदाताको नाममा अपिल पत्र लगायतका कागजातहरु फेला परेको हो।

निर्वाचन विपरितका कागजात तिनीहरुको साथबाट फेला पर्नुका साथै धनुषाका मिथिला नगरपालिका ९ र धनुषा महोत्तरी जिल्लाको सीमा रहेको रातुपुलमा भएको बम विस्फोटमा समेत तिनीहरुको संलग्नता प्रारम्भिक अनुसन्धानमा देखिएको उनको भनाई छ। झाको साथबाट केही फेला नपरेपनि निर्वाचन बहिष्कार गर्ने गठबन्धनमा आबद्ध दलका पदाधिकारी हुन भने बम विस्फोट लगायतका घटना र निर्वाचन भाँड्ने गतिविधिमा प्रत्यक्ष संलग्नता रहेको अनुसन्धानमा देखिएको एसपी कुँवरले जनाएको छ।

**पैसा बाड्ने पक्राउ**

यसैबीच धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा मतदातालाई रकम वितरण गरेको आरोपमा मंगलबार मध्य रातितिर क्षिरेश्वरनाथ नगरपालिका-४ चन्द्रपुरबाट स्थानीय राजकिशोर महरालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी रुगम बहादुर कुँवरका अनुसार करिब राति १२ बजे प्रहरी टोलीले महरालाई ४८ हजार ५ सय रुपैयाँ नगद र खर्च विवरण उल्लेख गरिएको डायरीसहित फेला पारेको थियो । घटनास्थलमा उनीसँगै रहेका अन्य तीन जना भने प्रहरी पुग्नेबित्तिकै फरार भएका छन् ।

मतदातालाई पैसा बाँडिरहेको भन्ने सूचनाका आधारमा इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको टोलीले उनीमाथि कारबाही अघि बढाएको हो। पक्राउ परेका महरालाई थप अनुसन्धान तथा आवश्यक प्रक्रिया पूरा गर्न जिल्ला निर्वाचन कार्यालय धनुषामा बुझाइएको प्रहरीले जनाएको छ।

स्थानीय स्रोतका अनुसार महरा धनुषा-४ का उम्मेदवार तथा नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठ निकट मानिन्छन् । केही स्थानीयले उनलाई महासेठको 'डमी' उम्मेदवारको रूपमा प्रस्तुत गरिएको दाबी गरेका छन्। यसअघि महासेठका विभिन्न चुनावी कार्यक्रममा महरा सहभागी हुँदै आएको पनि बताइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# अन्तरगृह गर्दै परिक्रमा सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको महाकुम्भ मानिने यसवर्षको मिथिला मध्यमा परिक्रमा अन्तर गृह (पञ्चकोशी) परिक्रमा गर्दै विधिवत् समापन भएको छ।

फागुन औँसी ४ गतेदेखि सुरु भएको १५ रात्रि विश्रामसहितको यात्रा १६ औं दिनमा जनकपुरधाम नगरको अन्तरगृह परिक्रमा गरि सम्पन्न भएको हो।

जनकपुरधामस्थित रंगभूमि मैदान र तिरहुतिया गाछीमा १५औं दिन बास बसेका हजारौं श्रद्धालु मंगलबार बिहानै अन्तरगृह परिक्रमा मार्गतर्फ प्रस्थान गरेका थिए। परम्पराअनुसार विभिन्न १५ स्थानमा विश्राम गर्दै अन्तिम दिन पञ्चकोशी परिक्रमा पूरा गरेपछि मात्र मध्यमा यात्रा सम्पन्न हुने मान्यता रहेको छ।

समापन अवसरमा सहभागी साधु सन्तसहितका श्रद्धालुहरूले होलिका दहनपछि बाँकी रहेको खरानी उडाउँदै 'धुरा उडाउने' परम्परा निर्वाह गरे। आन्तरिक विकार हट्ने विश्वाससहित अन्तरगृहको एक फन्को लगाएर अन्त्यमा गंगा सागर कुण्डमा स्नान गरी परिक्रमा विधिपूर्वक टुंग्याइएको छ।

मध्यमा परिक्रमा पूरा नगरेपनि अन्तरगृहसम्मको यात्रा गरे पुण्य प्राप्त हुने जनविश्वासका कारण यस वर्ष पनि जनकपुरधाममा लाखौको संख्यामा भीड देखिएको छ। भारत र नेपाल सहित मधेश




प्रदेशका महोत्तरी, धनुषालगायत आसपासका जिल्लाबाट आएका साधु सन्त श्रद्धालुहरूको लाखौको संख्यामा उपस्थिति रहेको थियो।

मधेश क्षेत्रमा फागुन पूर्णिमापछि होली मनाइने परम्परा भए पनि मध्यमा परिक्रमाको १३३ किलोमिटर क्षेत्रभित्र भने अन्तरगृह परिक्रमा सम्पन्न भएको भोलिपल्ट मात्र होली मनाइन्छ। सोहीअनुसार यस वर्ष परिक्रमा क्षेत्रभित्र बुधबार होली पर्व मनाइने मनाइएको छ।

धार्मिक मान्यताअनुसार त्रेतायुगमा श्रीराम र सीताले मिथिलाका विभिन्न भूभागमा गरेको विहारको स्मरणस्वरूप १८औं शताब्दीमा यो परिक्रमा परम्परा सुरु भएको विश्वास गरिन्छ।

जनकपुरधाम नजिक कचुरीस्थित मिथिलाबिहारी मठबाट विधिवत डाला निकालेपछि १५ दिने मिथिला मध्यमा परिक्रमा भएको थियो। मिथिलाबिहारीको डोला र अग्निकुण्डबाट किशोरीजीको डोलासहित झाँकी-कीर्तनका साथ यात्रा प्रारम्भ भएको थियो। पहिलो विश्राम जनकपुरधामको हनुमाननगरमा हुन्छ भने दोस्रो र तेस्रो दिन भारतको कल्याणेश्वर र गिरिजास्थानमा बसाइँ गरिन्छ, जहाँ राम-सीतासँग सम्बन्धित धार्मिक विश्वास जोडिएका छन्।

भारतका दुई विश्रामपछि यात्रा महोत्तरी प्रवेश गर्छन्। मटिहानी, जलेश्वर (जलेश्वरनाथ मन्दिर), मडई, ध्रुवकुण्ड र कञ्चनवनमा क्रमशः विश्राम गरिन्छ । कञ्चनवनमा राम-सीताले होली खेलेको विश्वाससँगै मिथिलामा सोही दिनबाट होली पर्वको सुरुआत मानिन्छ।

त्यसपछियात्रा धनुषा जिल्लामा प्रवेश गरी पर्वता (क्षीरेश्वरनाथ मन्दिर दर्शन), धनुषाधाम, सतोषर र औरहीमा विश्राम गर्छन् । पुनः भारतको करुणा र बिसौल हुँदै यात्रा कलानेश्वरबाट जनकपुरधाम फर्कि भोलिपल्ट अन्तरगृह (पञ्चकोशी) परिक्रमापछि १५ दिने मिथिला मध्यमा परिक्रमा विधिवत समापन हुन्छ।

नेपाल र भारतको करिब १ सय ३३ किलोमिटरको दूरीमा अवस्थित भारतको चार र नेपालको ११ पडाव स्थल पर्दछन् । जुन नेपालको धनुषा र महोत्तरीमा पर्छन् । यो यात्रा धार्मिक सहिष्णुता, सांस्कृतिक निरन्तरता र नेपाल-भारत सांस्कृतिक सम्बन्धको प्रतीक मानिन्छ।

# मतदान अधिकृतको मृत्यु



**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको एक मतदान केन्द्रमा खटिएका एक मतदान अधिकृतको निधन भएको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार पर्सा गाउँपालिका-४ स्थित जिगडवा आधारभूत विद्यालय मतदान केन्द्रमा कार्यरत मतदान अधिकृत रघुनाथ महतोको मृत्यु भएको हो।

मतदान केन्द्र तयारीकै क्रममा मंगलबार दिउँसो करिब २ बजे बेहोस भएका थिए। तत्काल उपचारका लागि उनलाई प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो। तर उपचारका क्रममा करिब २:३० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डीएसपी सरोज राईले जानकारी दिएका छन्। महतो बरहथवा नगरपालिका-५ स्थित आधारभूत स्वास्थ्य केन्द्रमा सिनियर अहेवको रूपमा कार्यरत थिए। उनी रौतहटको माधवनारायण नगरपालिका-६ का बासिन्दा हुन्।

घटनापछि महतोको शव प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी सरोज राईले जानकारी दिएका छन्।

क्षेत्र नं. २ का मुख्य निर्वाचन अधिकृत थपलियाका अनुसार मतदान अधिकृत महतोको मृत्यु भएपछि त्यहाँ अब नयाँ मतदान अधिकृत पठाउने तयारी भइरहेको छ।

# सात मिनेटमै सुरक्षा फोर्स पुग्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै धनुषामा अभूतपूर्व सुरक्षा सतर्कता अपनाइएको छ। जिल्ला प्रशासन कार्यालयले जिल्लाभर कडा सुरक्षा रणनीति लागू गर्दै कुनै पनि अप्रिय गतिविधि हुन नदिन बहु-तहको सुरक्षा घेरा तयार गरेको जनाएको छ।

निर्वाचन नजिकिँदै जाँदा सदरमुकाम जनकपुरधामसहित चारवटै निर्वाचन क्षेत्रमा सुरक्षाकर्मीको बाक्लो उपस्थिति देखिन थालेको छ । सुरक्षा व्यवस्थालाई अझ सुदृढ बनाउन गत १६ फागुनदेखि जनकपुर विमानस्थल नेपाली सेनाको प्रत्यक्ष निगरानीमा राखिएको छ। विमानस्थल क्षेत्रलाई संवेदनशील सूचीमा राख्दै सेनालाई जिम्मेवारी दिइएको प्रशासनले स्पष्ट पारेको छ।

जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण बनाउन समन्वित सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको छ। "धनुषाको कुनै पनि कुनामा निर्वाचन विरोधी गतिविधि भए सात मिनेटभित्र अतिरिक्त सुरक्षा फोर्स पुग्ने व्यवस्था मिलाइएको



छ," उनले दाबी गरे।

धनुषाको चारवटै निर्वाचन क्षेत्रमा ८ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र अस्थायी रूपमा खटाइने निर्वाचन प्रहरी गरी संयुक्त रूपमा सुरक्षा घेरा बनाइएको हो । प्रत्येक मतदान केन्द्रमा आवश्यकताअनुसार सुरक्षाकर्मी खटाइनेछन् भने अति संवेदनशील केन्द्रहरूमा अतिरिक्त बल राखिनेछ। मोबाइल गस्ती टोली, रिजर्भ फोर्स र द्रुत प्रतिक्रिया टोली (क्विक रेस्पोन्स टिम) तयारी अवस्थामा राखिएको प्रशासनले जनाएको छ।

नेपाल-भारत खुला सीमाका कारण धनुषा सदैव संवेदनशील मानिँदै आएको छ। निर्वाचनका बेला बाह्य हस्तक्षेप वा अवाञ्छित गतिविधि हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै सीमा क्षेत्रमा विशेष निगरानी बढाइएको छ। प्रजिअ लुइँटेलसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायका प्रतिनिधिहरूले सीमावर्ती नाकाहरूको स्थलगत अनुगमन गरेका छन्।

सीमामा आवतजावत गर्ने सवारी साधन र व्यक्तिहरूमाथि कडाइ गरिएको छ भने शंकास्पद गतिविधिमाथि तत्काल कारबाही गर्ने निर्देशन दिइएको छ। भारतीय सीमासँग जोडिएका गाउँहरूमा समेत गस्ती तीव्र पारिएको सुरक्षा स्रोतले जनाएको छ।

जिल्ला सुरक्षा समितिले अघिल्ला निर्वाचनका अनुभव, भौगोलिक अवस्था र राजनीतिक गतिविधिका आधारमा मतदान केन्द्रहरूलाई सामान्य, संवेदनशील र अति संवेदनशील श्रेणीमा वर्गीकरण गरेको छ। अति संवेदनशील मानिएका क्षेत्रमा क्यामेरा निगरानी, थप जनशक्ति र नियमित गस्तीको व्यवस्था गरिएको छ।सुरक्षा स्रोतका अनुसार मतदान अघिल्लो रातदेखि नै मतदान केन्द्र वरपरको क्षेत्र 'सिल' गरिनेछ। अनधिकृत भीडभाड, जुलुस वा प्रदर्शनमा पूर्ण रोक लगाइएको छ।

ज न क पु र धा म उपमहानगरपालिका क्षेत्र, प्रमुख सरकारी कार्यालय, दलका कार्यालय तथा आवागमनका मुख्य मार्गहरूमा विशेष चेकजाँच सुरु गरिएको छ । विमानस्थल क्षेत्रलाई विशेष सुरक्षा घेराभित्र राखिएको छ ताकि बाह्य व्यक्तिको आवागमनमार्फत कुनै अवाञ्छित गतिविधि हुन नपाओस्।

प्रहरीले होटल, गेस्ट हाउस तथा भाडामा बसोबास गर्ने व्यक्तिहरूको विवरण अद्यावधिक गर्न समेत निर्देशन दिएको छ । शंकास्पद गतिविधि देखिए तुरुन्तै नजिकको प्रहरी कार्यालयमा खबर गर्न सर्वसाधारणलाई अपिल गरिएको छ।

प्रजिअ लुइँटेलले जिल्लावासीलाई ढुक्क भएर मतदान प्रक्रियामा सहभागी हुन आग्रह गरेका छन्। सूचना संकलन, गुप्तचर परिचालन र जोखिम विश्लेषणलाई प्राथमिकतामा राखिएको छ । प्रतिनिधिसभा निर्वाचनलाई केन्द्रमा राख्दै धनुषामा सुरक्षा संयन्त्र 'हाई अलर्ट' मा राखिएको छ। जनकपुर विमानस्थल सेनाको जिम्मामा, सीमा क्षेत्रमा उच्च निगरानी, ८ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन र सात मिनेटभित्र अतिरिक्त फोर्स पुग्ने दाबीले प्रशासनले कुनै पनि जोखिम नलिने संकेत दिएको छ।

# निर्वाचनमा द्वन्द फैलाउने योजनाका तीनजना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । धार्मिक द्वन्द्व भड्काएर आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन भाँड्ने गतिविधिमा संलग्न रहेको आरोपमा तीनजना युवकलाई वीरगञ्जबाट पक्राउ गरिएको छ।

मस्जिदमा सुँगुरको टाउको फालेर आतंक सिर्जना गर्ने र पटाका तथा सुतली बम प्रयोग गरी अशान्ति फैलाएर निर्वाचन भाँड्ने योजना बनाइएको सूचनापछि निर्वाचन सुरक्षामा खटिएको नेपाली सेनाले विशेष अपरेसनको क्रममा तिनीहरुलाई सुँगुरको टाउको र सुतली बमसहित तिनीहरुलाई पक्राउ गरेको हो।

सुरक्षा स्रोतका अनुसार वीरगंज महानगरपालिका-१६ स्थित एक मस्जिदलाई निशाना बनाएर धार्मिक सद्भाव खल्बल्याउने प्रयास भइरहेको गोप्य सूचना प्राप्त भएपछि सेना सतर्क बनेको थियो । सोही सूचनाका आधारमा उपसेनानी विकाश मरहट्टाको कमाण्डमा खटिएको टोलीले वीरगंज-१६ छप्कैया चोक आसपास क्षेत्रमा निगरानी बढाएर तिनीहरुलाई नियन्त्रणमा लिएर



योजना विफल बनाएको हो।

राति करिब १२:३० बजेदेखि २:३० बजेसम्म सञ्चालन गरिएको सर्च अपरेसनका क्रममा योजनामा संलग्न रहेको आरोपमा वीरगंज-१६ निवासी १६ वर्षीय कृष्ण यादव, सुनसरीको इनरुवा घर भएका १८ वर्षीय रोहित पटेल र १६ वर्षीय अवजित यादवलाई पक्राउ गरिएको हो।

उनीहरूको साथबाट ठूलो परिमाणमा सुतली बम, मोबाइल फोन, पावर बैंक, चार्जर, सेतो रंगको तार र सुँगुरको टाउको बरामद गरिएको पर्सा प्रहरीले जनाएको छ । मस्जिद परिसरमा सुँगुरको टाउको फालेर धार्मिक भावना भड्काउने र त्यसपछि पटाका तथा सुतली बम विस्फोट गराएर आतंक सिर्जना गर्ने योजना तिनीहरुको रहेको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीको भनाई छ।

नियन्त्रणमा लिइएका तीनै जनालाई थप अनुसन्धानका लागि पर्सा प्रहरीको जिम्मा लगाइएको छ। प्रहरीले उनीहरूमाथि धार्मिक सद्भाव भड्काउने प्रयास, विस्फोटक पदार्थ सम्बन्धी कसुर तथा सार्वजनिक शान्ति भंग गर्ने नियतबारे अनुसन्धान अगाडि बढाएको जनाएको छ । घटनामा अन्य व्यक्तिको संलग्नता रहे-नरहेको विषयमा पनि खोजी भइरहेको छ।

यो घटनापछि वीरगंजसहित सीमावर्ती क्षेत्रमा सुरक्षा सतर्कता थप कडा बनाइएको छ । संयुक्त सुरक्षा गस्ती, संवेदनशील क्षेत्रको निगरानी, र शंकास्पद गतिविधिमाथि कडाइ गरिँदै आएको सुरक्षा निकायले जनाएको छ।

# पूर्व सभामुखका ज्वाई पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। सरकारी सवारी साधनमा निजी नम्बर प्लेट जडान गरी प्रयोग गरिएको आरोपमा पूर्व सभामुख तथा धनुषा-१ का उम्मेदवार रामचन्द्र मण्डलका ज्वाईं रमेश मण्डललाई प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी रुगम बहादुर कुँवरका अनुसार मौन अवधिमा सरकारी गाडीको नम्बर परिवर्तन गरी निजी नम्बर प्रयोग गरिएको सूचनापछि कारबाही अघि बढाइएको हो। सशस्त्र प्रहरीको विशेष चेकिङका क्रममा मिथिला बिहारी नगरपालिका-पुरन्दाहा क्षेत्रबाट उक्त चारचक्के स्कारपियो गाडी र चालकलाई नियन्त्रणमा लिइएको थियो। त्यसपछि आवश्यक अनुसन्धानका लागि नेपाल प्रहरीलाई जिम्मा लगाइएको प्रहरीले जनाएको



छ। सशस्त्र प्रहरी बल, नेपाल मधेश प्रदेशका डिआइजी कृष्ण ढकालले पनि गाडी र चालक नियन्त्रणमा लिइएको पुष्टि गरेका छन्। स्रोतका अनुसार पूर्व सभामुखको हैसियतमा उपलब्ध गराइएको प्रदेश सभाको सरकारी गाडीमा निजी नम्बर प्लेट राखेर चलाइएको पाइएको हो । बागमती-प्र-०१ ००३२ च ७८९४ नम्बरको सवारीमा नक्कली नम्बर प्लेट प्रयोग भएको अनुसन्धानबाट खुलेको बताइएको छ। निर्वाचनको मौन अवधिमा मतदातालाई प्रभावित पार्ने उद्देश्यले सवारी प्रयोग गरिएको हुन सक्ने आशंका गरिएको छ । प्रहरीले गाडी र चालकलाई नियन्त्रणमा राखी थप अनुसन्धान गरिरहेको जनाएको छ।

यस घटनामा रमेश मण्डललाई प्रारम्भिक सोधपुछपछि छाडिएको र विषयमा विस्तृत अनुसन्धान जारी रहेको एसपी कुँवरले जानकारी दिए।

# ठूलो परिमाणमा मदिरा बरामद :

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामै ठूलो परिमाणमा मदिरा बरामद गएको छ । निर्वाचनको दृष्टिगत गर्दै मदिरा बिक्री-वितरण र सेवनमा कडाइ गरिएको बेला महोत्तरीमा एक इँटाभट्ठाबाट ती मदिरा बरामद भएको हो।

जिल्लाको भंगहा नगरपालिका-५ ढकिया टोलस्थित एक इँटाभट्टामा लुकाइछिपाइ राखिएको अवस्थामा प्रहरीले विशेष सूचनाको आधारमा ती मदिराजन्य पदार्थ बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टका अनुसार भट्टाभित्र गोप्य रूपमा भण्डारण गरिएको विभिन्न ब्रान्डका मदिराहरु कार्टुनमा प्याकसहित नियन्त्रणमा लिइएको छ।

बरामद गरिएको मदिराहरुमा अर्ना बियर ३ कार्टुन, कर्णाली गोल्ड ७ कार्टुन, ब्रिक्स वाइन ३ कार्टुन र ब्ल्याक ओके १७ बोत्तल रहेको महोत्तरी प्रहरीले जनाएको छ। मतदानको ठीक अघिल्लो समयमा ठूलो मात्रामा मदिरा भेटिनुलाई प्रहरीले शंकास्पद रूपमा हेरेको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले निर्वाचनलाई सभ्य, सुव्यवस्थित, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले फाल्गुन १४ गतेदेखि जिल्लाभर मदिरा बिक्री-वितरण तथा सेवनमा पूर्ण प्रतिबन्ध लगाएको अवस्थामा विभिन्न आशंकाहरु उत्पन्न भएको जनाएको छ।




"चुनावलाई लक्षित गरेर मदिरा बिक्री वितरण र सेवनमा निषेध गरिएको छ । मतदानको पूर्वसन्ध्यामा ठुलो मात्रामा मदिराजन्य पदार्थ भेटिएकोले हामीले जफत गरेका हौं । इँटाभट्टामा २५० जनाभन्दा बढी मजदुर कार्यरत छन्, तर त्यहाँ कुनै राजनीतिक दलको झण्डा, पर्चा वा पम्प्लेट भने भेटिएन ।" प्रमुख जिल्ला अधिकारी इन्द्रकुमार यादवले जनाएको छ।

हाल प्रतिनिधि सभा निर्वाचनलाई मध्यनजर गर्दै नेपाल-भारत सीमा क्षेत्रमा कडाइ गरिएको छ। ७२ घण्टासम्म सीमा नाका सिल गरिएपछि अवैध कारोबारमा संलग्न समूहहरूले वैकल्पिक रणनीति अपनाएको हुन सक्ने अनुमान गरिएको छ । प्रहरी स्रोतका अनुसार, सीमा बन्दले तस्करी सञ्जाललाई अस्थायी रूपमा रोक लगाए पनि गोदाम वा उद्योगजस्ता स्थानमा सामान लुकाएर राख्ने प्रवृत्ति बढेको देखिएको छ।

प्रहरीले बरामद मदिरा नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अघि बढाएको जनाएको छ । मदिरा कसले ल्यायो, किन भण्डारण गरियो, यसको अन्तिम गन्तव्य कहाँ थियो भन्ने विषयमा विस्तृत अनुसन्धान भइरहेको प्रवक्ता भट्टले जानकारी दिए। भट्टाका अनुसार इँटाभट्टा सञ्चालक र सम्बन्धित व्यक्तिहरूसँग बयान लिने कार्य जारी छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८